# गैरआवासीय नेपाली संघ
## अन्तर्राष्ट्रिय समन्वय परिषद
## एनआरएन कल्याण विभाग

# एनआरएन नागरिकता
# केही प्रश्न, केही उत्तर




**NON-RESIDENT NEPALI ASSOCIATION (NRNA)**

## गैरआवासीय नेपाली नागरिकता कसरी लिन सकिन्छ ?


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय.......
गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र

गै.आ.ने.ना.प्र.नं.

दुबै कान देखिने हालसालै खिचेको २.५ X ३ से.मी साइजको फोटो

नाम, थर:
जन्मस्थान: मुलुक:
जन्म मिति : साल
लिङ्ग:
ठेगाना:
महिना गते
विदेशी मुलुकको नागरिकता नं.:
जारी गर्ने मुलुक र मिति :
बाबुको नाम, थर : राष्ट्रियता:
ठेगाना :
आमाको नाम, थर : राष्ट्रियता:
ठेगाना :
आफ्नो/बाबु/आमा/बाजे/बज्यैको नेपाली नागरिकताको ना.प्र.नं.:
नाम:
जारी भएको जिल्ला र मिति:

नेपालको संविधान २०७२ले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, र सांस्कृतिक अधिकारसहितको नागरिकता दिने व्यवस्था गरे अनुरुप गैरआवासीय नेपालीहरुले नागरिकता प्राप्त गर्न थालिसकेका छन् । हाल नेपालका सबै जिल्ला प्रशासन कार्यालयबाट गैरआवासीय नेपाली नागरिकता वितरण सुरु भइसकेको व्यहोरा जानकारी गराउँदछौ । गैरआवासीय नेपाली नागरिकता भनेको नेपाली नागरिकता त्याग गरेका र विदेशको नागरिकता लिएको प्रमाण बुझाएपछि मात्रै पाउने नागरिकता हो ।

## के छ व्यवस्था ?



संशोधित नागरिकता ऐनमा 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउनेगरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' व्यवस्था छ।

यो कानुनी व्यवस्थाअनुसार विदेशको नागरिकता लिएका तर कुनै समय नेपाली नागरिक रहेका व्यक्तिहरुका नाति नातिनासम्मले गैरआवासीय नेपाली नागरिकता पाउँछन् । नेपालको नागरिकता फिर्ता नगरी विदेशी नागरिकता लिएका व्यक्तिले गैरआवासीय नेपाली नागरिकता लिन पहिले लिएको नेपाली नागरिकता फिर्ता गर्नुपर्ने हुन्छ ।

## गैरआवासीय नेपाली नागरिकता लिन के गर्नु पर्छ ?



गृह मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशित गरेको नियमावलीमा गैरआवासीय नेपाली नागरिकता लिन आफ्नो वा आफ्नो आमाबुवा वा बाजेबज्यैको नेपाली नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिनेछ।



गैरआवासीय नेपालीहरूले आफू बसिरहेको वा उक्त देश हेर्ने नेपाली राजदूतावास वा महावाणिज्य दूतावासबाट पनि निवेदन दिनसक्छन्। उक्त निवेदनमा आफ्नो नाम थर, गैरआवासीय नेपाली परिचयपत्र नम्बर, विदेशी मुलुकको नागरिकताको विवरण खुलाउनुपर्ने छ। यस्तो नागरिकता लिन हाल रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि पनि अनिवार्य गरिएको छ। निवेदनमा नैतिक पतन देखिने फौजदारी कसुरमा आफू संलग्न नरहेको जानकारी पनि गराउनुपर्ने हुन्छ।



दूतावासमा दिएको निवेदनमा त्यहाँका अधिकृतस्तरका कर्मचारीले 'कुरा बुझी' परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्छ ।



यस्तो निवेदनपछि गैरआवासीय नेपालीका नेपाली नागरिक नै रहेका आफन्त वा चिन्ने व्यक्तिले सनाखत गर्नुपर्ने हुन्छ ।



प्रमुख जिल्ला अधिकारीले त्यसमा छानबिन गरेर नागरिकता पाउन उपयुक्त देखिएपछि मात्रै गैरआवासीय नेपाली नागरिकता दिने नियमावलीको व्यवस्था छ। प्रमुख जिल्ला अधिकारीले गैरआवासीय नेपालीले पेस गरेको विदेशी मुलुकको नागरिकता वा राहदानीको वैधताबारे पनि नेपाली नियोगमार्फत बुझ्न सकिन्छ।

## गैरआवासीय नेपाली नागरिकता लिन कस्तो प्रमाण चाहिन्छ ?

१ निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साबिकमा नेपालको नागरिक रहेको प्रमाण

२ सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण

३ विदेशी मुलुकको नागरिकता भएको प्रमाण

४ गैरआवासीय नेपाली परिचयपत्र कपी (छ भने मात्र),

५ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रबाहेकको देशमा बसोबास गरेको प्रमाण,

६ नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।

सबै कागजात तयार भएपछि आफूले जुन जिल्लाबाट पुरानो नागरिकता लिएको छ त्यही जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पुरानो नागरिकता त्यागको निवेदन दिनुपर्छ।

## नागरिकताको लागि आवश्यक फारम कहाँ पाइन्छ ?

निवेदन फाराम जिल्ला प्रशासनमै उपलब्ध हुन्छ। प्रत्येक निवेदनको रु पाँच दस्तुर लाग्छ। सबै निवेदनको गर्दा जम्मा रु २५ तिर्नुपर्ने हुन्छ।

## के साबिकको नेपाली राहादानी र नागरिकता पनि बुझाउनुपर्छ ?

प्रक्रियाको क्रममा नेपाली नागरिकता त्यागको निवेदनसहित नेपाली राहदानी र साविकको नागरिकताको सक्कल र नक्कलसहित पेस गर्नुपर्छ।

## निवेदन पेस गरेपछि कसरी अघि बढ्छ प्रक्रिया ?

रित पुगेको निवेदनमा जिल्ला प्रशासनले निवेदक बसोबास गरेको स्थानीय प्रहरी इलाका वा बृतलाई निजको चालचलन सोधपुछ गर्दै गोप्य पत्र काट्छ। त्यो पुर्जी निवेदकले आफैं लिएर जानुपर्छ। जति चाँडो स्थानीय प्रहरी कार्यालयको गोप्य पत्र ल्याएर जिप्रकामा बुझायो उति चाँडो कार्य अगाडि बढ्छ। यो प्रक्रियाको सबै रित पुगेपछि जिप्रकाले बोधार्थ पत्र दिन्छ।

## आफ्नो वडा कार्यालयमा किन जानुपर्छ ?




पत्र साथ सबै फाराम भरेर सम्बन्धित वडा कार्यालय जानुपर्छ। वडा अध्यक्षले निवेदक साविकको यही वडाबासी हो, होइन भनी भेरिफाइ, सहीछाप गरेपछि दर्ता चलानीबाट तोकिएको दस्तुर बुझाएर सिफारिस-पत्र लिइ फेरि जिप्रकामा आउनुपर्छ। जिप्रकामा वडाको सिफारिस पत्रसहित बाँकी सबै निवेदन फाराम बुझाउनुपर्छ। अनि मात्र गैरआवसीय नागरिकताको प्रक्रिया अगाडि बढ्छ।

## नागरिकता लिन जाँदा आफ्नो परिवारसँगै हुनुपर्छ ?

नेपालमा बसोबास गरिरहेको नेपाली नागरिकता ग्रहण गरेको नजिकको आफ्नो परिवार (बाबुआमा, बाजेबज्यै, दाजुभाइमध्ये एक) सनाखतको लागि उसको नागरिकताको सक्कल र नक्कलसहित उपस्थित गराउनु पर्छ।



## वडाबाट सिफारिस लिँदा पैसा लाग्छ कि लाग्दैन ?

स्थानीय तहले तोकेबमोजिमको शुल्क लाग्छ। नगरपाललिका, उपमहानगरपालिका तथा अन्य  जिल्ला अनुसार दस्तुर फरक फरक हुन्छ।

## कति बेला पाइन्छ नागरिकता ?

सनाखत र प्रमाणका कागजपत्र सबै पूर्ण भएपछि अधिकृतबाट प्रमाणीकरण भई गैरआवासीय नागरिकताको लागि अर्को फाँटमा पेस हुन्छ। यो अन्तिम प्रक्रिया हो।

## नागरिकता लिनुपूर्व सपथ पनि लिनुपर्छ? सपथ पत्रमा के हुन्छ ?



गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले प्रमुख जिल्ला अधिकारीबाट सपथ लिनुपर्ने नियम कानुनमा राखिएको छ। सपथमा 'मैले नेपालको संविधान र प्रचलित कानुनबमोजिम गैरआवासीय नेपाली नागरिकलाई प्राप्त अधिकारबाहेक अन्य कुनै पनि अधिकार उपभोग गर्ने छैन भनी यो प्रतिबद्धता व्यक्त गर्दछू', भन्ने प्रतिबद्धता जनाउनुपर्ने हुन्छ। यस्तो नागरिकता लिएका व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता तथा राष्ट्रहित विपरीत कार्य गरेको ठहरेमा सरकारले सम्बन्धित व्यक्तिको गैरआवासीय नागरिकता रद्द गर्न सक्ने कानुनी व्यवस्था छ।

## के छ अन्योल ?




गैरआवासीय नेपाली नागरिकबारे कानुन अद्यावधिक नहुँदा अधिकारबारे अझैसम्म अन्योल रहेको छ। कानुन अद्यावधिक गर्ने मस्यौदा परराष्ट्र मन्त्रालयले तयार गरेको भए पनि अघि बढ्न सकेको छैन। अधिकारलाई परिभाषित गर्न गैरआवासीय नेपाली नागरिक कानुन संशोधन हुन जरुरी छ। निर्वाचनमा भाग लिने र उम्मेदवार बन्नेबाहेकका सबै अधिकार हुनुपर्छ भन्नेदेखि नेपाली राहदानी प्रयोग गर्नेसम्मका अधिकारको माग गर्दै आएका छौं।

## संघको भूमिका




गैरआवासीय नेपाली नागरिकता लिने क्रममा र नागरिकता लिई सकेपछि त्यसको कार्यान्वयनको क्रममा अपनाउनुपर्ने प्रक्रियाको बारेमा सल्लाह, सुझाव, जानकारी सम्बन्धमा संघले आवश्यक सहजीकरणको काम गर्दै आएको छ। त्यसको लागि काठमाडौंस्थित गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालयमा ०१-४५११५३० मा सम्पर्क गर्नुपर्ने छ। संघले आवश्यक सल्लाहको लागि छुट्टै डेक्सको व्यवस्था समेत गरेको छ।

## यी बाहेकका अन्य हामीलाई प्राप्त प्रश्न

- गैरआवासीय नेपाली नागरिकता सम्बन्धमा परिपत्रै भएको छैन भन्ने जवाफ बैंक, मालपोत, अध्यागमन, दूतावास नेप्से तथा अन्य प्रशासनमा भनेका छन्, के एनआरएनएले परिपत्र गर्न ताकेता गरेको छ त?
- गैरआवासीय नेपाली नागरिकता लिएपछि पनि भिसा लिनुपर्छ ?
- गैरआवासीय नेपाली नागरिकता लिन त इच्छुक छु तर लिएपछि के हुन्छ भन्ने डर छ ? निर्धक्क लिँदा हुन्छ ? त ?
- गैरआवासीय नेपाली नागरिकता लिएपछि घरजग्गा किनबेच गर्न मिल्छ ?
- गैरआवासीय नेपाली नागरिकता लिएपछि म मालपोत गएँ तर सिस्टममा आएको छैन भनेर मेरो काम भएन अब म के गरुँ ?
- गैरआवासीय नेपाली नागरिकता लिएपछि मैले पासपोर्ट किन लिन पाउँदिन ?
- एनआरएनए नागरिकता लिए पछि सम्पतीको सुरक्षा हुन्छ ?
- एनआरएनए नागरिकताले बैंक खाता खोल्न मिल्छ ?

- एनआरएनए नागरिकता लिए पछि नेपाल जाँदा भिषा लिनु पर्छ ?
- घरजग्गा पास हुन्छ की हुन्न् ?
- एनआरएनए नागरिकताले नेपालमा सरकारी जागिर गर्न मिल्छ ?
- विवाह दर्ता र जन्म दर्ता गर्न के गर्नु पर्छ ?
- बाबुआमाले एनआरएनए नागरिकता लिएका छन् भने छोराछोरीले नागरिकता लिन मिल्छ ?





# 24/7 HOTLINE SERVICE

## सम्पूर्ण गैरआवासीय नेपाली मित्रहरु

गैरआवासीय नेपाली संघको एक महत्वपूर्ण अभियान 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने भावना अनुरुप नेपालको संविधानले प्रदत्त गरेको संवैधानिक अधिकार 'गैरआवासीय नेपाली नागरिकता' गत महिनादेखि लागू भएको सर्वविधितै छ । गैरआवासीय नेपाली नागरिकता लिने र नागरिकता लिएपछि पनि त्यसको प्रयोग गर्ने क्रममा कतिपय स्थानमा कागजातको बुझाईका कारण समस्या पर्न सक्छ । त्यस्ता समस्या समाधानका लागि गैरआवासीय नेपाली संघले सहजीकरण गर्ने गरी विशेष व्यवस्था गरेको छ । यदि त्यस्तो केही समस्या परेमा वा सुझाव, सल्लाह र सहयोग आवश्यक परेमा निम्न व्यक्तिलाई सम्पर्क गर्नुहुन वा गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालय काठमाडौंमा सिधैं सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**यहांहरुलाई कुनै स्थानमा असहजता भए तत्कालै सम्बोधन गर्नुपर्ने भए कृपया निम्न फोन नंम्बरहरुमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छः**


| रामशरण सिमखडा | डा मुकुन्द बास्तोला | सरोज दाहाल | कुनाल मिश्रा |
|---|---|---|---|
| +447950435065 | +447412617079 | +9779851085185 | +9779801861106 |

अन्यथा info@nrna.org मा ईमेल गर्नु हुन समेत अनुरोध गरिन्छ।


## एनआरएन कल्याण विभाग

**गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद**